श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

खण्ड १८ मिति २०२५।९।१६ संख्या ३७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित गण्डकी अञ्चल कृषि विकाश समिति (गठन) आदेश, २०२५ अनुसार गठित योजनाको संचालन कृषि विभाग, पश्चिमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय अन्तरगत राखिएको हुँदा उक्त गण्डकी अञ्चल कृषि विकाश समिति (गठन) आदेश, २०२५ मिति २०३४।१।१ देखिनै लागू हुने गरी विघटन गरिएको छ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा १ ले दिएको अधिकार प्रयोग गरी खण्ड २६ मिति २०३३–९–२० संख्या २७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित पृथ्वी राजमार्गमा वृहद् बागवानी केन्द्र स्थापना गर्नको लागि जग्गा प्राप्त गर्ने यस मन्त्रालयको सूचनाबमोजिमको जग्गा श्री ५ को सरकारले नलिने निर्णय गरेको छ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।